मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ७० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १२ गते सोमबार (Monday, 26 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## नक्कली हतियारसहित झापाका घिमिरे पक्राउ

**झापा, माघ ११।** प्रहरीले नक्कली हतियारसहित दुई जनालाई पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-३२ कोटेश्वरबाट दुई जनालाई नक्कली हतियारसहित पक्राउ गरेको प्रहरिले जानकारी दिएको छ।

प्रहरी वृत्त सातदोबाटोबाट खटिएको टोलीले झापाका २८ वर्षीय किरण घिमिरे र अछामका कुमार लोहारलाई पक्राउ गरेको हो। उनीहरूबाट ३०३ राइफल जस्तो देखिने एउटा डमी, कटुवा पेस्तोल जस्तो देखिने दुई वटा

(बाँकी अन्तिम पृष्ठमा)

राष्ट्रियसभा निर्वाचन

# कोशीबाट मेचे र पोर्तेल निर्वाचित



**झापा, माघ ११।** राष्ट्रिय सभाको निर्वाचनमा कोशीबाट गठबन्धनका उम्मेदवार विजयी भएका छन्। महिला तर्फ एमालेकी रोशनी मेचे, दलिततर्फ एमालेकै सोम पोर्तेल र खुल्लातर्फ नेपाली काँग्रेसका सुनिलबहादुर थापा विजयी भएका हुन्।

थापा भने यसअघि नै निर्विरोध भएका हुन्। दलित र महिलातर्फ भएको निर्वाचनमा दलिततर्फ पनि नेकपा एमालेका पोर्तेल निर्वाचित भएका छन्। पोर्तेलले नेकपाका खेम सुन्दासलाई पराजित गरे। पोर्तेलले ७ हजार ४ सय २३ मत प्राप्त गरे। सुन्दासले २ हजार २७ मत पाए। यस्तै महिलातर्फ मेचे विजयी भएकी छन्। उनले ७ हजार १ सय ७३ मत प्राप्त गरिन्। उनकी प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीकी उम्मेदवार नमिता न्यौपानेले २ हजार २ सय ६८ मत पाइन्। अल्पसंख्यक मेचे समुदायबाट प्रतिनिधित्व गर्ने रोशनीले यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीको सचिवालयमा रहेर काम गरेकी छिन्।

राष्ट्रियसभा सदस्य निर्वाचनमा कोशी प्रदेशमा १३७ स्थानीय तहहरूमध्ये नेपाली कांग्रेसका ११३, एमालेका १०८, नेपाली कम्युनिष्ट पार्टीका ३६, जसपा नेपाल र राप्रपाका ४-४ र स्वतन्त्र २ जना रहेका छन्। प्रदेशसभामा नेपाली कांग्रेसका २९, एमालेका ४०, नेकपाका १७, राप्रपाका ५ र जसपाका १ सांसद मतदाता थिए।

प्रतिनिधिसभामा उम्मेदवारी दिएका नेकपाका ३, एमालेका २, श्रम संस्कृति पार्टीका एक र भ्रष्टाचार मुद्दाका कारण झापा गाउँपालिकाका अध्यक्ष निलम्बनमा परेकाले मतदाता सूचीबाट नाम हटाइएको थियो। राष्ट्रियसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेस र एमालेले ७ वटै प्रदेशमा गठबन्धन गरेको थियो। पोर्तेल २०३५ साल फागुनमा पाँचथरमा जन्मिएका हुन्। उनी झापाको हल्दिवारीमा बसोबास गर्छन्। पोर्तेल एमालेको भ्रातृ सङ्गठन 'मुक्ति समाज नेपाल' को केन्द्रीय उपमहासचिव हुन्।

गिरीबन्धु प्रकरणको मारमा बिर्तामोडवासी

# जग्गाधनी आन्दोलित

## उम्मेदवारलाई बसपार्क छिर्न नदिने चेतावनी

**झापा, माघ ११।** गिरीबन्धु चिया बगानसँग जोडिएको जग्गा विवादका कारण सर्वोच्च अदालतको फैसलापछि रोक्का भएको बिर्तामोड बसपार्क क्षेत्रको जग्गा फुकुवा नहुँदा स्थानीयबासिन्दा चुनावको मुखमा आन्दोलित भएका छन्।

दुई वर्षदेखि ५१ बिगाह जग्गा रोक्का हुँदा जीवनयापन, व्यवहार र बैंकिङ कारोबार नै ठप्प बनेको भन्दै उनीहरूले राजनीतिक दलका उम्मेदवारलाई बसपार्क क्षेत्रमा प्रवेश निषेध गर्ने चेतावनी दिएका छन्। राजनीतिक दलका नेताहरूले पटक-पटक समस्या समाधान गर्ने आश्वासन दिए पनि व्यवहारमा केही नगरेको उनीहरुको आरोप छ। 'हामीले सबै दलका नेताहरूसँग गुहार माग्यौं, प्रधानमन्त्रीदेखि गृहमन्त्रीसम्मलाई भेट्यौं'- ५१ बिगाह बसपार्क समन्वय समितिका सहसचिव शिवराज पौडेलले भने- 'तर आश्वासनबाहेक केही पाएनौं। त्यसैले अब कुनै पनि उम्मेदवारलाई बसपार्क छिर्न दिँदैनौं।'

एमालेका तर्फबाट झापा-२का उम्मेदवार तथा प्रतिनिधिसभाका पूर्व सभामुख देवराज घिमिरेले केही महिनाअघि बसपार्कको समस्या एक-दुई दिनमै समाधान गरिदिने आश्वासन दिएका थिए। तर, उनको भनाइ व्यवहारमा कार्यान्वयन नभएको स्थानीयको गुनासो छ। 'हाम्रै क्षेत्रका सांसद र सभामुख बनेका देवराज घिमिरेदेखि प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालसम्मलाई ध्यानाकर्षण गरायौं'- पौडेलले भने- 'तर कसैले साथ नदिएपछि बाध्य भएर आन्दोलनको बाटो रोज्नुपऱ्यो।'



२०८० सालमा सर्वोच्च अदालतको संवैधानिक इजलासले गिरीबन्धु चिया बगान प्रकरणमा गरेको फैसलापछि बिर्तामोड बसपार्क क्षेत्रका ११५३ कित्ता जग्गा भूमिसुधार तथा मालपोत कार्यालय झापामा रोक्का गरिएको थियो। उक्त जग्गा गिरीबन्धु चिया बगानसँग सम्बन्धित पुराना स्वामित्व र अदला-बदलीको विवादमा परेको बताइन्छ।

तर, रोक्कामा परेको क्षेत्र पछिल्लो १५ वर्षदेखि व्यवस्थित शहरी बस्तीका रूपमा विकास भइसकेको छ। ५१ बिगाह क्षेत्रफलमा करिब ६ सय पक्की घर,

(बाँकी अन्तिम पृष्ठमा)

## सवारीसाधनको नम्बर प्लेट र पार्टपुर्जा किर्ते गरेपछि...



**सुनसरी, माघ ११।** भारतबाट भन्सार छलेर तथा चोरी तस्करी गरी ल्याइएका सवारी साधन नियन्त्रणका लागि अभियान चलाएको कोशी प्रदेश ट्राफिक प्रहरीले थप दुई वटा सवारी साधन नियन्त्रणमा लिएको छ।

ती सवारी साधन आवश्यक कागजात बिना तथा नक्कली नम्बर प्लेट प्रयोग गरी सञ्चालन भइरहेका थिए। नियन्त्रणमा लिइएका ती दुई वटा चार पाङ्ग्रे सवारी साधनलाई प्रहरीले थप कानूनी कारबाहीका लागि भन्सार कार्यालयमा बुझाएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, इटहरीले विशेष सूचनाको आधारमा सवारी चेकजाँच गर्ने क्रममा ती सवारी साधनहरू नियन्त्रणमा लिएको आइतबार पत्रकार सम्मेलनमार्फत जानकारी दिएको छ।

धरान उपमहानगरपालिका-१७ बाट बा८च ९५१९ नम्बरको सिल्भर रङको हुण्डाई कम्पनीको कार र इटहरी उपमहानगरपालिका-५ बाट मे१च ३८४६ नम्बरको सेतो रङको महेन्द्रा कम्पनीको बोलेरो जिप गत पुस ११ र १२ गते नियन्त्रणमा लिइएको ट्राफिक प्रहरी उपरीक्षक दीपक गिरीले जानकारी दिए।

(बाँकी अन्तिम पृष्ठमा)

# वन डिभिजनद्वारा काठ बरामद

**भोजपुर, माघ ११।** डिभिजन वन कार्यालय भोजपुरले अवैध रूपमा काटिएका खयरको काठ बरामद गरेको छ। गोप्य सूचनाका आधारमा कार्यालयको टोलीले जिल्लाको रामप्रसादराई गाउँपालिका-४स्थित सहेँलेफेदी क्षेत्रबाट उक्त काठ बरामद गरेको हो।

वन कार्यालयका अनुसार खयरको काठ काटी बाहिर निकासी गर्ने तयारी भइरहेको भन्ने सूचनापछि कर्मचारीसहितको टोली त्यस क्षेत्रमा पुगेको थियो।

अनुगमनका क्रममा कुनै पनि कानूनी प्रक्रिया पूरा नगरी, अनुमतिबिना खयरको रुख काटी काठ सङ्कलन गरिएको अवस्थामा फेला परेको डिभिजन वन कार्यालयका प्रमुख खुद्रुस मियाँले जानकारी दिए।

बरामद गरिएको काठ करिब ५०० क्युफिट रहेको जनाउँदै उनले यसको अनुमानित मूल्य करिब रु. पाँच लाख बराबर रहेको बताए। उनका अनुसार दुर्गम तथा भौगोलिक रूपमा अप्ठ्यारो स्थानबाट फेला परेकाले घटनास्थलमा प्रारम्भिक मुचुल्का तयार गरी काठ सुरक्षित तरिकाले वन कार्यालय ल्याउने काम भइरहेको छ। निकासीका उद्देश्यले अवैध रूपमा काटिएका खयरको काठ बरामद गरेका छौं- प्रमुख मियाँले भने- करिब ५०० क्युफिट काठ फेला परेको छ। यस विषयमा आवश्यक मुचुल्का तयार गरी थप अनुसन्धान अगाडि बढाइएको छ। कर्मचारी निरन्तर



रूपमा घटनास्थलमा खटिएर प्रमाण सङ्कलन गरिरहेका छन्।

डिभिजन वन कार्यालयका अनुसार हाल काठका वास्तविक धनी तथा अवैध कटानमा संलग्न व्यक्तिहरूको खोजी भइरहेको छ। अनुसन्धान सम्पन्न भएपछि संलग्नलाई प्रचलित वन ऐन तथा नियमावली अनुसार कानूनी कारबाही प्रक्रिया अघि बढाइने कार्यालयले जनाएको छ। विशेषगरी दुर्गम बस्ती, खोला किनार र सीमावर्ती क्षेत्रलाई लक्षित गरी अवैध काठ निकासी हुने गरेको सूचनाका आधारमा नियमित अनुगमन, गस्ती तथा आकस्मिक निरीक्षणलाई तीव्र बनाइएको छ।

वन तथा वनजन्य सामग्रीको अवैध कारोबारले वातावरणीय सन्तुलनमा नकारात्मक असर पर्नुका साथै राज्यलाई ठूलो आर्थिक क्षति हुने भएकाले त्यसको नियन्त्रणलाई प्राथमिकतामा राखिएको कार्यालयले जनाएको छ। यस किसिमका अवैध गतिविधि नियन्त्रण गर्न स्थानीय तह, सुरक्षा निकाय तथा जनसमुदायसँग समन्वय भइरहेको प्रमुख मियाँले बताए।

अवैध रूपमा बाहिर निकासी हुन लागेको काठ समयमै बरामद हुनु वन कार्यालयको महत्वपूर्ण सफलता भएको स्थानीय बताउँछन्। स्थानीयका अनुसार यस्ता कार्यले अवैध कारोबारमा संलग्नलाई निरुत्साहित गर्नुका साथै वन संरक्षणमा सकारात्मक सन्देश जाने अपेक्षा गरिएको छ। वन संरक्षणमा स्थानीयवासीको भूमिका महत्वपूर्ण हुने भएकाले अवैध गतिविधिबारे सूचना दिन सबैलाई आग्रह समेत गरिएको छ।

# नेपालमा नक्कली कोइलाको तस्करी

**सुनसरी, माघ ११।** तस्करी गरेर नेपालमा गुणस्तरहीन कोइला आयात भइरहेको भन्दै कोशी अञ्चल इँटा उद्योग व्यवसायी संघले आपत्ति जनाएको छ।

तेस्रो देशबाट ल्याएको गुणस्तरीय कोइला भारतमा बेचेर भारतको गुणस्तरहीन कोइला नेपाल ल्याउने गरिएको उनीहरूले आरोप लगाएका छन्।

भारतबाट नेपाल भित्रिने कोइला आयात प्रक्रियामा भइरहेको अनियमितता, तस्करी र गुणस्तरहीन कोइलाको



कारोबारप्रति इँटा उद्योग व्यवसायी संघले गम्भीर ध्यानाकर्षण गराएको छ। संघले

(बाँकी अन्तिम पृष्ठमा)

BIRTAMODE EYE HOSPITAL
अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित
उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित
CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

# कृषिमा परनिर्भरता बढ्नेक्रम उच्च

**काठमाडौँ, माघ ११।** यस वर्ष धान उत्पादनमा चार प्रतिशतले गिरावट आएको छ।

शहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनमा औद्योगिक एवम् अन्य भौतिक पूर्वाधार निर्माण, तीव्र शहरीकरण, कृषि श्रमिकको अभाव, सिञ्चाइ समस्या, जलवायु परिवर्तन, किसानलाई नाफाको अनिश्चितता, युवा जनशक्ति विदेश पलायन हुनुलगायत कारणले धान उत्पादनमा कमी आएको सरकारी अधिकारीले बताएका छन्।

सातै प्रदेशका कृषिसम्बन्धी क्षेत्राधिकार प्राप्त निकायबाट प्राप्त तथ्याङ्कका आधारमा धानबाली भित्र्याइएको क्षेत्रफलको अनुमान गर्दा अघिल्लो वर्षको क्षेत्रफल सम्बन्धी तथ्याङ्क, रोपाइँको आँकडा, सिञ्चाइ क्षेत्रफलमा भएको परिवर्तन, किसानसँगको अन्तरक्रियापश्चात् मन्त्रालयले सो तथ्याङ्क सार्वजनिक गरेको हो।



नेपालको मुख्य खाद्यान्न धानबाली हो। कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा धानबालीको योगदान १२ प्रतिशत छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/०८२मा कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५ दशमलव १६ प्रतिशत छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी सहसचिव एवम् प्रवक्ता डा. जानुका पण्डितले यस वर्ष खेती लगाउने समयभित्र किसानलाई उन्नत बीउबिजन र मलखादको पर्याप्त व्यवस्था नहुनु, प्रतिकूल मौसम हुनु, मधेश प्रदेशमा धान लगाउने समयमा खडेरी पर्नुलगायत कारणले धान लगाइएका क्षेत्रफलमा उत्पादनमा कमी आएको जानकारी दिइन्।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसीमोड) को संयुक्त प्रयासमा तयार पारिएको तथ्याङ्कमा चालूआर्थिक वर्षमा तीन दशमलव आठ प्रतिशत जमिनमा धानखेती हुन नसकेर बाँझै रहेको छ।

हरेक वर्ष मन्त्रालयले प्रकाशन गर्ने कृषि डायरीमा करिब ३१ लाख हेक्टर जमिन खेतीयोग्य मानिएको छ। नेपालको छैठौं कृषि गणनाले २५ लाख २५ हजार ६ सय ३९ हेक्टर जमिन खेतीयोग्य रहेको उल्लेख छ। यसअघि तथ्याङ्क कार्यालयले खेतीयोग्य

(बाँकी अन्तिम पृष्ठमा)

१००% ग्यारेन्टीका साथ ज्योतिष सेवा
तपाईहरुको भूतकाल, भविष्य र वर्तमान जस्ताको त्यस्तै स्पष्ट बताइदिने प्रखर ज्योतिष
सम्पर्क: NISHANT M JOTIC KENDRA
Newmarket, Panitanki I P.0. Dulaljote-734429 I Dist. Darjeeling, Westbangal
INDIAN NO: CALL & WHATSAPP +91-81598-50995
NEPALI NO CALL +977-98401-64453
Yubtube: Nishat M Jotic kendra

# पटना आइआइटीको अन्तर्राष्ट्रिय रोबोटिक्स मञ्चमा चिल्ड्रेनको उत्कृष्ट प्रस्तुति

**झापा, माघ ११।** भारतको प्रतिष्ठित भारतीय प्रविधि संस्थान (आइआइटी) पटनाले आयोजना गरेको अन्तर्राष्ट्रिय स्तरको सेलेस्टा टेक्नो म्यानेजमेन्ट फेस्ट तथा वर्ल्ड रोबोटिक्स च्याम्पियनसिपमा झापाको बिर्तामोडस्थित चिल्ड्रेन इन्भारोमेन्ट स्कूलका विद्यार्थीहरूले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्।

माघ महिनाको दोस्रो हप्तादेखि सञ्चालन भइरहेको उक्त प्रतियोगितामा नेपालबाट प्रतिनिधित्व गर्दै सहभागी विद्यालयको एआई रोबोटिक्स क्लबका विद्यार्थी कुशल राजबंशी, प्रसन राई, नुसागेन लावती, प्रिन्स आचार्य र यमन सिटौलाले विभिन्न विधामा आफ्नो सिप र सिर्जनशीलता प्रस्तुत गरेका थिए।

बिद्यार्थीहरूले रोबो रेस, रोबो सकर, रोबो अक्वा रेस तथा रोबो अक्वा सकर जस्ता चुनौतिपूर्ण प्रतिस्पर्धात्मक विधामा सहभागिता जनाउँदै अन्तर्राष्ट्रिय प्रतिस्पर्धीसँग प्रतिस्पर्धा गरिरहेका छन्। आयोजक तथा सहभागीका अनुसार नेपाली विद्यार्थीहरूले देखाएको आत्मविश्वास,



प्रविधिमैत्री सोच र कार्यक्षमताले सबैको ध्यान खिच्न सफल भएको छ।

विद्यालयले पछिल्ला वर्षहरूमा प्रविधि शिक्षालाई प्राथमिकतामा राख्दै कृत्रिम बुद्धिमत्ता (एआई) र रोबोटिक्स क्षेत्रमा निरन्तर लगानी र अभ्यास गर्दै आएको छ। यसक्रममा नेपाल रोबोक्राफ्ट इलेक्ट्रोनिक्स एन्ड रोबोटिक्स, काठमाडौंका अनुभवी प्रशिक्षक इञ्जिनियर राजकुमार चौरसिया र इञ्जिनियर दिवस खनालबाट प्रदान गरिएको नियमित तथा व्यवहारिक प्रशिक्षणले विद्यार्थीको दक्षता अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको बिद्यालयको भनाइ छ।

विद्यालयका ईसीए (एक्स्ट्रा करिकुलर एक्टिभिटिज) संयोजक दिनेशराज शर्माका अनुसार बिद्यार्थीहरूको निरन्तर मेहनत, अभिभावकको साथ र प्रशिक्षकहरूको समर्पित मार्गदर्शनका कारण एआई रोबोटिक्सको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ।

# चन्द्रगढी खानेपानीको २३औं वार्षिक सभा

**भद्रपुर, माघ ११।** भद्रपुर-१०स्थित चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाई समितिको २३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।



चन्द्रगढी माविको सभाहलमा आयोजित कार्यक्रमको उद्घाटन कोशी प्रदेशका निवर्तमान खानेपानी, सिञ्चाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले गरेका थिए।

संस्थाका अध्यक्ष पुरुषोत्तम अधिकारीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै ४० वर्ष पहिले सम्पन्न भई सञ्चालनमा आएको जिल्लाकै पुरानोमध्येको खानेपानी आयोजना र सात वर्ष पहिले सम्पन्न भई सञ्चालनमा आएको जिल्लाको पहिलो सहलगानी आयोजनाबाट संयुक्त रुपमा करिब ५ हजार घरधुरी, ९० सरकारी तथा गैरसरकारी कार्यालय, २५ विद्यालय, १४ मठमन्दिर, सार्वजनिक धारा, विश्रान्तिघाट लगायतका स्थानहरूको लागि ४५० घनमिटरको दुई वटा ओभरहेड ट्याक, दुई प्रकारको पानी प्रशोधन प्रणाली, १५६ किलोमिटरभन्दा बढी पाइपलाइनबाट दैनिक १८ घण्टाभन्दा बढी पानी वितरण गर्दै आएको यो खानेपानी आयोजना जिल्लाकै सर्वसुलभ र कम महसुलमा पानी उपलब्ध गराउँदै आएको छ।

नेपाल सरकारको मूल्याङ्कन अनुसार २०७९मा जिल्लाकै उत्कृष्ट आयोजना घोषित भई सम्मानपत्र प्राप्त गरिसकेको प्रतिवेदनमार्फत अध्यक्ष अधिकारीले जानकारी गराए। उनले समितिको अन्तिम सभा भएको भन्दै अबको ६ महिनापछि नयाँ कार्य समिति चयन गरिने बताए। त्यस्तै समितिका कोषाध्यक्ष खेमराज भट्टराईले २०८२/०८३को बजेट तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल, पूर्वसांसद सुनिता बराल, राप्रपा भद्रपुर नगर अध्यक्ष राजकुमार राई, खानेपानीका संस्थापक अध्यक्ष लेखनाथ निरौला लगायतले शुभकामना मन्तव्य राखेका थिए। स्वागत मन्तव्य उपाध्यक्ष बाबुराम पराजुलीले राखेको कार्यक्रमको सञ्चालन सचिव बाबुराम कार्कीले गरेका थिए।

# लोकतन्त्र म्यागजिन लोकार्पण

**झापा, माघ ११।** 'गरिखाने संस्कृतिको पुनर्जागरण' भन्ने नारासहित लोकतन्त्र म्यागजिन लोकार्पणसँगै झापाका १५ जेन-जी युवा सम्मानित भएका छन्।

नौ वर्षअघि प्रकाशन आरम्भ गरेको लोकतन्त्र पोष्ट दैनिकले 'पौरखी जेन-जी' नामक विशेष म्यागजिन सार्वजनिक गर्दै श्रम, सिर्जना र आत्मनिर्भरताको बाटोमा हिँडेका १५ जना जेन-जी युवालाई सम्मान गरेको हो।

काजी मिडिया एण्ड टेक्नोलोजी प्रालिद्वारा सञ्चालित पत्रिकाले



आइतबार बिर्तामोडमा आयोजना गरेको कार्यक्रममा जेन-जी पुस्तालाई केन्द्रमा राखेर तयार पारिएको म्यागजिनको लोकार्पणसँगै सम्मान गरेको हो। सामाजिक अभियन्ता तथा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरीको संयोजकत्वमा गठित छनौट समितिले १५४ जना पौरखी युवामध्येबाट १५ जनालाई छनौट गरेको थियो।

प्रधान सम्पादक मोहन काजी न्यौपानेका अनुसार 'पौरखी जेन-जी' एउटा म्यागजिन मात्र होइन, जेन-जी पुस्ताले थालेको श्रम र उद्यमको आन्दोलनको दस्तावेज पनि हो। आफ्नै माटोमा पसिना बगाएर समृद्धिको सपना बुनिरहेका 'गरिखाने हिरो'लाई चिनाउने उद्देश्यले यो अभियान शुरु गरेका हौं- उनले भने- जेन-जी पुस्तालाई नकारात्मक दृष्टिले होइन, परिवर्तनको संवाहकका रूपमा प्रस्तुत गर्नु हाम्रो ध्येय हो।

# भेलागुढी सिमसार नयाँ पर्यटकीय गन्तव्य

**भद्रपुर, माघ ११।** पूर्वी झापामा लुकेको हरियो संसार अहिले घुमफिरको नक्सामा देखिन थालेको छ।

हल्दिबारी गाउँपालिका-२मा अवस्थित भेलागुढी सिमसार तथा सहिद स्मारक उद्यान (पार्क) अहिले आन्तरिक पर्यटकका लागि नयाँ मात्र होइन, आकर्षक गन्तव्य बन्दै गएको छ। प्राकृतिक सौन्दर्य, जैविक विविधता र ऐतिहासिक स्मृतिको सङ्गम बनेको यो सिमसार क्षेत्रलाई स्थानीयले गर्वका साथ 'झापाको हरित मुटु' भन्न थालेका छन्।

हल्दिबारी, भद्रपुर र बिर्तामोड तीनवटै पालिकाको सङ्गमस्थलमा करिब ९६ हेक्टर क्षेत्रमा फैलिएको यो सिमसार वनभोज, पारिवारिक घुमफिर, विद्यार्थी अध्ययन भ्रमण र प्रकृति अवलोकनका लागि उपयुक्त स्थलका रूपमा विकास हुँदैछ। विशेषगरी हिउँद र वसन्तयाममा यहाँ आउने आन्तरिक पर्यटकको संख्या उल्लेख्य रूपमा बढेको छ।

केही वर्षअघिसम्म झाडी र जङ्गलले ढाकिएको यो क्षेत्र आज व्यवस्थित पर्यटकीयस्थलको पहिचान बनाउँदैछ। भेलागुढी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पुण्यप्रसाद लम्साल भन्छन्- पहिले यहाँ खासै मान्छे आउँदैनथे, स्थानीय सरकारले गुरुयोजना बनाएर काम थालेपछि भेलागुढी चिनिन थाल्यो।

यहाँ हाल २८ टहराघर, खानेपानीको व्यवस्था र प्रत्येक टहरामा विद्युतीकरण गरिएको छ। विद्युतीय सुविधाले वनभोजका समूहलाई आवश्यक उपकरण प्रयोग गर्न सहज बनाएको अध्यक्ष लम्साल बताउँछन्। उनका अनुसार हाल बिदाको दिन २० देखि २५ समूह



पिकनिक मनाउन यो ठाउँमा आउने गरेका छन् भने अन्य दिनमा समेत यहाँ आएकै हुन्छन्।

झापाकै दमकबाट महिला समूहसहित वनभोज खान आएकी प्रमिला राजवंशीले भेलागुढीबारे 'टिकटक'बाट थाहा पाएको बताइन्। हाम्रो सहकारीको अर्को समूह पहिले नै आएर गइसकेको रहेछ, त्यसैले हामी पनि आयौँ- उनी भन्छिन्- यति राम्रो ठाउँ हाम्रो जिल्लामै रहेछ भन्ने थाहा पाएर खुसी लाग्यो।

अर्जुनधाराबाट विद्यालय आएका कक्षा ११का विद्यार्थी विराज हुमागाँईं पनि उत्साहित देखिन्थे। झापामै यस्तो रमाइलो र शान्त वातावरण पाउँदा निकै खुसी लाग्यो- उनी भन्छन्- टाढा जानु नपरी आफ्नै नजिक यस्तो गन्तव्य हुनु राम्रो कुरा हो।

भेलागुढी सिमसारलाई पर्यटकीय गन्तव्य बनाउने सपना भने नयाँ होइन। भेलागुढी सिमसार क्षेत्र विकास उपभोक्ता समितिका पूर्वअध्यक्ष नारायणप्रसाद लुइँटेल २०६४ सालमै यसको सम्भावना देखेर काम शुरु गरिएको स्मरण गर्छन्। संविधान जारी भएसँगै भने स्थानीय सरकारको प्राथमिकतामा सिमसार परेको छ। हल्दिबारी गाउँपालिकाले २०७६ सालदेखि गुरुयोजना बनाएर चरणबद्ध रूपमा पूर्वाधार निर्माण शुरु गरेको पूर्वअध्यक्ष लुइँटेल बताउँछन्।

संघीय, प्रदेश र स्थानीय सरकारको साझेदारीमा भेलागुढी सिमसारमा हालसम्म उल्लेख्य लगानी भइसकेको छ। संघीय सरकार अन्तर्गत पर्यटन प्रवर्द्धन साझेदारी कार्यक्रमबाट रु. एक करोड ३० लाख, प्रदेश सरकारबाट ५० लाख र पालिकाबाट थप बजेट लगानी गरिएको अध्यक्ष लम्साल बताउँछन्।

हालसम्म रु. आठ करोड ३९ लाखको 'इस्टिमेट' अनुसार सामुदायिक सङ्ग्रहालय, झाडी सफाई, तारबार, बाटो विस्तार, देउनियाँ खोलामा तटबन्ध, काठेपुल, पोखरी तटबन्ध, रिङरोड, सामुदायिक भवन र शौचालय निर्माणजस्ता काम सम्पन्न भएको उनले बताए। तर, आर्थिक वर्ष २०७६/०७७मा विनियोजित रु. पाँच करोडको योजना अधुरै रहेको अध्यक्ष लम्सालले जानकारी दिए। ठेक्का पाएको कम्पनीले जिपलाइन, फोहोरा, तटबन्धलगायत संरचना पूरा गरेको छैन- उनले भने- यी काम पूरा भए भेलागुढी अझ आकर्षक बन्ने थियो।

सिमसार व्यवस्थित बन्दै जाँदा स्थानीयका लागि रोजगारीको अवसर पनि खुलेका छन्। जोसना गिरी भन्छिन्- पर्यटक बढेपछि चिया, खाजा र साना व्यापारको सम्भावना देखिएको छ। अधुरा योजनाका काम पूरा भए युवाले गाउँमै केही गर्ने अवसर पाउन सक्छन्।

भेलागुढी केवल घुम्ने ठाउँमात्र होइन, जैविक विविधताको दृष्टिले पनि महत्वपूर्ण छ। यहाँ विभिन्न प्रजातिका चराचुरुङ्गी, जलचर र वनस्पति पाइन्छन्।

शहीद स्मारक पार्कले यस क्षेत्रलाई ऐतिहासिक र भावनात्मक महत्व पनि दिएको छ। स्थानीय कुमार क्षेत्रीका अनुसार उचित पूर्वाधार, पहुँच र प्रचारप्रसार भए भेलागुढी सिमसार झापाकै प्रमुख आन्तरिक पर्यटन केन्द्र बन्न सक्छ। बिर्तामोड र भद्रपुरजस्ता सहर नजिक हुनु यसको ठूलो फाइदा रहेको उनको भनाइ थियो।

# देवानी मस्यौदा लेखन तालिम

**झापा, माघ १०।** कानूनी ज्ञान केन्द्र झापाको आयोजनामा शनिवार भद्रपुरमा नवोदित कानून व्यवसायीका लागि एक दिवसीय देवानी मस्यौदा लेखन तालिम सम्पन्न भएको छ।



तालिमको शुभारम्भ समारोहमा जिल्ला सरकारी वकिलको कार्यालय झापाका जिल्ला न्यायाधीवक्ता दीपेश शाह तथा झापा जिल्ला अदालतका सूचना अधिकृत रामचन्द्र बस्नेतले कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेका थिए। देवानी कानूनका सिद्धान्त र प्रयोग विषयमा जिल्ला न्यायाधीश पारसमणि पोखरेलले र देवानी मस्यौदा लेखन विषयमा लेक्स नेपालका प्रशिक्षक अधिवक्ता वसन्त जोशीले प्रशिक्षण दिएका थिए।

कार्यक्रमको समापान समारोहमा झापा बार सहसचिव अधिवक्ता सानु कार्की बस्नेत र कार्य समिति सदस्य अधिवक्ता तारा बारकोटीले तालिम उपलब्धिमूलक भएको बताए। कानूनी ज्ञान केन्द्र नवोदित कानून व्यवसायीको सक्रियतामा कानून तथा न्यायका क्षेत्रमा कार्य गर्ने उद्देश्यले स्थापना भएको हो।

केन्द्रको अध्यक्षमा अधिवक्ता तारामणि सापकोटा, उपाध्यक्ष अधिवक्ता तिलक अर्याल, सचिव अधिवक्ता नरेश खाती, सहसचिव अधिवक्ता अनु राउत, कोषाध्यक्षमा अधिवक्ता सुरज मैनाली र सदस्यहरुमा अधिवक्ता रुद्रमणि भट्टराई र अधिवक्ता हेमनारायण राजवंशी रहेका छन्। तालिममा २१ जना कानून व्यवसायीको सहभागिता रहेको थियो।

## ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

**धरान, माघ ११।** इटहरीमा ट्रकको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रमुख केशवकुमार थेवेका अनुसार इटहरीको मुख्य चोकमा पश्चिमबाट पूर्वतर्फ गइरहेको बा ०१-००४ क ३१८१ नम्बरको ट्रकले ठक्कर दिँदा इटहरी-४का ४५ वर्षीय साइकलयात्री पूर्णप्रसाद राईको घटनास्थलमै मृत्यु भएको हो। दुर्घटनापछि ट्रक चालकलाई इलाका प्रहरी कार्यालय इटहरीले नियन्त्रणमा लिएको छ।

## जग्गाधनी ...

११५३ घडेरी, बसपार्क, विद्यालय, व्यापारिक भवन तथा अन्तर्राष्ट्रिय सहयोगमा बनेका पूर्वाधारहरू रहेका छन्।

यही जग्गा धितो राखेर स्थानीयले बैंकबाट ऋण लिएका छन्, व्यवसाय सञ्चालन गरेका छन् र राज्यलाई नियमित कर तिर्दै आएका छन्। जग्गा रोक्काका कारण किनबेच, धितो, नक्सा पास, घर निर्माण, व्यवसाय बिस्तार सबै ठप्प भएको स्थानीय बताउँछन्। 'हामीलाई न अपराधी ठहर गरिएको छ, न त मुआब्जाको व्यवस्था छ'- एक स्थानीयले भने- 'हाम्रो सम्पूर्ण जीवन नै रोक्कामा परेको छ।'

समन्वय समितिका अनुसार जग्गा रोक्काले प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब १० हजार नागरिक प्रभावित भएका छन्। बैंकको ऋण तिर्न नसक्ने अवस्थामा पुगेका व्यवसायी, घरजग्गा कारोबारमा संलग्न व्यक्ति र बसपार्क क्षेत्रमा आश्रित मजदुरसमेत समस्यामा परेका छन्।

स्थानीयले अब चुनावी अभियानका क्रममा कुनै पनि उम्मेदवारलाई बसपार्क क्षेत्रमा प्रवेश गर्न नदिने र समस्या समाधान नभएसम्म आन्दोलन चर्काउने चेतावनी दिएका छन्। संघर्ष समतिले बिज्ञप्ति नै जारी गर्दै यस्तो चेतावनी दिएका हुन्। 'हामी चुनाव बिरोधी होइनौं'- पौडेलले भने- 'तर हाम्रो अस्तित्वसँग जोडिएको समस्या हल नगरेसम्म मौन बस्दैनौं।'

उता मालपोत कार्यालय र स्थानीय प्रशासनले भने यो विषय सर्वोच्च अदालतको फैसलासँग गाँसिएकाले नीतिगत र कानूनी निर्णयबिनै फुकुवा सम्भव नभएको बताउँदै आएको छ। तर, राजनीतिक इच्छाशक्ति भए समाधान सम्भव हुने स्थानीयको दावी छ। गिरीबन्धु प्रकरणको छायाँमा परेको बिर्तामोड बसपार्क क्षेत्र अब चुनावी मुद्दा बन्दै गएको छ।

## नेपालमा ...

पत्रकार सम्मेलन गर्दै कोइला आयातमा भइरहेको अनियमितता र तस्करी बारे जानकारी गराएको हो।

संघका अनुसार सुनसरी र मोरङका इँटा उद्योग तथा अन्य सप्लायर्सले अमेरिकाबाट उच्च गुणस्तरको कोइला खरिद गरी भारतको हल्दिया पोर्ट (बन्दरगाह) हुँदै नेपाल भित्र्याउने क्रममा बाटोमै कोइला अदलबदल गर्ने, ट्रकको सिल तोडफोड गरी नक्कली सिल प्रयोग गर्ने जस्ता गैरकानूनी गतिविधि भइरहेको जनाएको छ।

पत्रकार सम्मेलनमा बिगत केही दिनदेखि हल्दिया पोर्टबाट भारतीय नम्बरको तीन वटा सवारीसाधनमार्फत आएको कोइला परीक्षण गर्दा पोर्टमा गरिएको ल्याब परीक्षणभन्दा निकै कम गुणस्तरको पाइएको जनाएको छ। सो क्रममा केही ट्रक चालकले भारतमै राम्रो कोइला बिक्री गरी खराब कोइला नेपाल ल्याएको स्वीकार गरेको संघको दाबी छ।

सङ्घका अनुसार भारतमा कोइला तथा सिल खोल्न नपाइने कानूनी व्यवस्था हुँदाहुँदै पनि भारतीय भूमिमै कोइला अदलबदल हुनु र त्यसको प्रत्यक्ष असर नेपाली इँटा उद्योगीहरूलाई पर्नु गम्भीर विषय हो। गुणस्तरहीन कोइला प्रयोग गर्न बाध्य हुँदा उद्योगहरू ठूलो आर्थिक क्षतिमा परेको संघको भनाइ छ।

गलत कार्यमा संलग्न ट्रक र ट्रान्सपोर्ट कम्पनीमाथि छानबिन र कारबाहीको माग गर्दै संघले पत्रकार सम्मेलन आयोजना गरेको हो। संघका अध्यक्ष खगेन्द्र श्रेष्ठले दोषीमाथि तत्काल कडा कारबाही गर्न, कोइला आयात प्रक्रियालाई पारदर्शी बनाउन तथा उद्योगीहरूको हित संरक्षण गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

## कृषिमा ...

जमिनको तथ्याङ्क सार्वजनिक गरेका देखिँदैन। छैठौं कृषि गणना वि.सं. २०६८मा भएको थियो। नेपालमा प्रत्येक १०/१० वर्षमा कृषि गणना गरिँदै आइएको छ। कृषि गणनाको शुरुवात विं.स. २०१८देखि भएको हो।

एक हेक्टर जमिन भनेको २० रोपनी हुन्छ। करिब ५० प्रतिशत जमिनमा धानखेती गर्न सकिन्छ। चालूवर्षमा १३ लाख ७६ हजार ८७२ हेक्टर जमिनमा मात्र धानखेती भएको अनुमान छ। गत वर्ष १४ लाख २० हजार ६ सय ३६ हेक्टर जमिनमा धानखेती गरिएको थियो।

गतवर्ष ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिकटन धान उत्पादन भएकामा चालु आवमा चार दशमलव शून्य दुई प्रतिशत कम भई ५७ लाख पाँच हजार १ सय २६ मेट्रिकटन उत्पादन हुने अनुमान गरिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी प्रवक्ता डा. पण्डितले बताइन्।

नेपालमा धानको उत्पादन बढ्दा कूल गार्हस्थ्य उत्पादनमा फाइदा पुग्छ। हालको जनसंख्यालाई धान्न झण्डै ६२ लाख मेट्रिकटन धान आवश्यक पर्छ। नेपालको जनसंख्या करिब तीन करोड छ। नेपालीको दुवै छाक भात खाने चलनले चामलको आयात बढ्दै गएको हो। कम्तीमा एक छाक रोटी/ढिँडो वा पीठोबाट तयार हुने अन्य परिकार खाने बानी गरिए चामलको आयात कम हुने देखिन्छ- पण्डितले भनिन्।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार पछिल्ला केही वर्षयतादेखि कृषियोग्य जमिन घटिरहेको छ। वि.सं. २०६८ को कृषि गणनामा २५ लाख २५ हजार ६३९ हेक्टर र २०७८ सालको कृषि गणनामा आइपुग्दा झण्डै तीन लाख हेक्टर घट्न गई २२ लाख १८ हजार ४ सय १० हेक्टर जमिन खेतीयोग्यमा खुम्चिएको उल्लेख छ।

नेपालमा धान रोपाइँ असार-साउनमा र धान काट्ने समय कात्तिकदेखि मंसीरसम्म हुन्छ। जनसंख्याको ठूलो हिस्सा अझै कृषिमा निर्भर छ। वि.सं. २०७८को गणना अनुसार ४१ लाख ३० हजार ७ सय ८९ व्यक्ति कृषि पेशामा निर्भर छन्। जसमध्ये चार लाख ८३ हजार २०८ ले कृषि कर्जा लिएका छन्। राज्यले किसानलाई सहुलियतपूर्ण कर्जा वितरण गर्ने गरेको भए पनि अझै ८८ प्रतिशत किसानले कृषिकर्मका लागि कर्जाको सुविधा पाउन सकेका छैनन्।

ऋण लिएर व्यावसायिक काम गर्नेभन्दा परम्परागत विधिबाट जीविका गर्ने किसानको संख्या धेरै छ। परम्परागत कृषिकर्ममा आबद्ध किसानलाई व्यावसायिक बनाउने हो भने पशुपन्छी तथा खेतबारीबाट प्राप्त हुने फलफूल, तरकारी, अन्नबालीमा नेपाल आत्मनिर्भर हुने मन्त्रालयकी प्रवक्ता डा. पण्डितले धारणा राखिन्। धान/चामल र अन्य कृषि तथा पशुपन्छीजन्य उत्पादन प्रतिमहिना लगभग रु. पाँच अर्बको आयात हुने गरेको भन्सार विभागले जनाएको छ।

राष्ट्रिय गौरवका सिञ्चाइ आयोजना समयमा निर्माण हुन नसक्नु, बहुसंख्यक किसानलाई कृषि कर्जा उपलब्ध नहुनु, समयमा मलखाद तथा उन्नत प्रकारका बीऊबिजन सहुलियतपूर्ण रूपले वितरण नहुनु, उत्पादनमा विचौलियाको प्रभुत्व हुनु, खेतीयोग्य जमिन खण्डीकरण हुनुलगायत कारणले कृषिमा परनिर्भर बढ्दै गएको विज्ञहरूले बताएका छन्।

## नक्कली ...

डमी हतियार, खुकुरी जस्तो फलामले बनेको हतियार र एउटा मोटरसाइकल बरामद गरेको छ।

सीसीटीभी फुटेजको आधारमा अनुसन्धान गर्दा बागमती प्रदेश ०२-०१२ प ५८५२ नम्बरको मोटरसाइकल किरणको खुलेको थियो। उनलाई नियन्त्रणमा लिएपछि काठमाडौं महानगरपालिका वडा नं. ३२स्थित सांस्कृति नृत्य कला केन्द्रमा नक्कली हतियार लुकाएर राखेको खुलेको हो। घटनाबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको छ।

## सवारीधनको ...

जाँचका क्रममा उक्त सवारी साधनहरूमा प्रयोग गरिएका सवारी नम्बर, इञ्जिन नम्बर र चेसिस नम्बर यातायात व्यवस्था कार्यालयको अभिलेखमा फेला नपरेको तथा ती नम्बरहरू परिवर्तन गरी गैरकानूनी रूपमा सञ्चालन गरिएको पुष्टि भएको गिरीले बताए। यसअघि पनि कोशी प्रदेश ट्राफिक प्रहरी कार्यालयले पहाडी जिल्लाबाट पाँचवटा बोलेरो नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाएको थियो।

भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै

डा. प्रशिद्ध ढकाल
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

डा. बबिता शर्मा
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग बिशेषज्ञ

डा. विधान न्यौपाने
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:00 बजेदेखि १0:00 बजेसम्म
दिउँसो २:00 बजेदेखि ५:00 बजेसम्म

डा. रोहित पंजियार
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४९११७४

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# विवेकको मत प्रयोग होस्

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष तर्फको चुनावी प्रतिष्पर्धा रोचक हुने देखिएको छ । देशभरका कूल एक सय ६५ सिटका लागि प्रतिष्पर्धामा उत्रिएका दलहरुका बीचको भिडन्त प्रति आमनागरिकको चासो पनि चुलिएको छ । ती मध्ये केही निर्वाचन क्षेत्रमा राष्ट्रिय राजनीतिमै प्रभाव पर्नेसम्मको भिडन्त हुने लगभग पक्का छ । ती क्षेत्रका नतिजाले परम्परागत राज्यसत्ता, संसद र विगतका समीकरणमा पनि व्यापक फेरबदल हुने आंकलन गरिँदैछ । यसरी आसन्न निर्वाचनमा चर्चा र चासोको क्षेत्र बनिएको छ झापा । झापाको पनि निर्वाचन क्षेत्र नम्बर ५ यसबेला सर्वाधिक चर्चा र उत्सुकताको क्षेत्र बनिएको छ ।

झापा ५ मा बालेन्द्र शाह बालेन राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उम्मेदवार बनेका कारण सर्वाधिक चासो र चर्चाको क्षेत्र हो । जहाँ आठौं पटक निर्वाचन लडिसकेका र प्रधानमन्त्री समेत भइसकेका केपी ओली एमालेका तर्फबाट प्रतिष्पर्धा गर्दैछन् । जेन–जी बिद्रोहका कारण सत्ता छाड्न बाध्य तत्कालीन प्रधानमन्त्री ओलीका लागि जेन–जी कै बल र समर्थनमा उम्मेदवार बनेका बालेन ठूलो चुनौती बनेका छन् । इतिहासमै सर्वाधिक युवाको हत्या भएको छोटो समयको आन्दोलनमा मृत्युवरण गर्न पुगेका युवाको रगत सुक्न नपाउँदै हुन लागेको निर्वाचनलाई यसकारण पनि अर्थपूर्ण र चासोका रुपमा हेरिएको छ ।

काठमाडौं महानगरको नगर प्रमुखबाट राजीनामा दिएर पहिलोपटक संसदीय निर्वाचन लड्न झापा ५ रोजेका बालेनका लागि ओलीको पकड क्षेत्र मानिन्छ । यसर्थ बालेनलाई निर्वाचन जित्नु फलामको च्युरा चपाउनु सरह हुनेछ । तर पनि युवा, ऊर्जाशील र परिवर्तनकारी छवि बनाएका बालेन, उनको दलको सक्रियता र युवाकै समर्थनले कमजोर भने छैन । अझ अन्य दलका युवा नेता तथा कार्यकर्तालाई रास्वपामा भित्र्याएका बालेन र उनका सहयोगीका कारण परिणाम अनपेक्षित हुनसक्ने एकथरीले विश्लेषण गरेका छन् । जे होस् झापा राजनीतिक चेतनाले अग्रणी जिल्ला हो र देशकै ध्यान खिचेर यसपटक चर्चाको चुलीमा छ ।

यसपटकको निर्वाचनमा दोस्रो चर्चामा रहेको जिल्ला सर्लाही ४ । त्यहाँ कांग्रेस सभापति आफ्नो निर्वाचन क्षेत्र छोडेर पुगेका छन् । जहाँ कांग्रेसकै पुराना अनुभवी अमरेशकुमार सिंहले अघिल्लो चुनावमा स्वतन्त्र उठेर जितेका थिए । कांग्रेसका नवनिर्वाचित सभापति गगन थापा पार्टीले प्रधानमन्त्रीका रुपमा अघि सारेका युवा उम्मेदवार हुन् । त्यसैगरी प्रतिनिधि सभाका पूर्व सभामुख र उपसभामुखहरुको झापा २ को भिडन्त पनि रोचक हुने अनुमान गरिँदैछ । एमालेका देवराज घिमिरे र रास्वपाकी इन्दिरा राना मगरका बीचको प्रतिष्पर्धाको परिणामले पनि पार्टीको हैसियत मापन गराउने छ । चुनावी प्रतिष्पर्धा स्वच्छ, स्वतन्त्र, शान्त र निष्पक्ष होस् । मतदाताले विवेक प्रयोग गरुन्, जनताले परिवर्तनको अनुभूति गरुन्– त्यही आजको आवश्यकता हो ।

# झापाका ५ वटै क्षेत्रका उम्मेदवा

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि झापाका पाँच वटै निर्वाचन क्षेत्रमा ९० जनाले मनोनयन दर्ता गराएका छन् । पाँच वटै मनोनयन दर्ता गराएसँगै जिल्ला निर्वाचन कार्यालय झापाले पाँच वटै निर्वाचन क्षेत्रका ९० जना उम्मेदवारको अन्तिम नामावली समेत प्रकाशन गरिसकेको छ छन् । क्षेत्र नम्बर १ बाट दुई जना स्वतन्त्रसहित १५ जना, क्षेत्र नम्बर २ बाट तीन जना स्वतन्त्रसहित १८ जना, क्षेत्र नम्बर ३ बाट दुई जना स्वतन्त्रसहित १ जनाले उम्मेदवारी दर्ता गराएर मतदाताको घरदैलो अभियानमा जुटेका छन् । उम्मेदवारहरु मत माग्न व्यस्त रहेका छन् । यसपटक झापाको निर्वाचन मा

### झापा निर्वाचन क्षेत्र नं. १

| क्र.सं. | उम्मेदवारको पूरा नाम/थर | निर्वाचन चिन्ह | राजनीतिक दलको नाम/स्वतन्त्र |
|---|---|---|---|
| १. | अशेष घिमिरे | पाँचकुने तारा | नेपाली कम्युनिस्ट पार्टी |
| २. | ओलोन राजवंशी | गदा | राष्ट्रिय सद्भाव पार्टी |
| ३. | केबलराम राई | अँजुलीमा रहेको माटो | श्रम संस्कृति पार्टी |
| ४. | केशवराज पाण्डे | रुख | नेपाली कांग्रेस |
| ५. | खान्द्रु करुवा | घर | नेपाल जनमुक्ति पार्टी |
| ६. | गणेशकुमार खरेल | क्यामरा | स्वतन्त्र |
| ७. | दुर्गाप्रसाद साँवा लिम्बू | क्याप | स्वतन्त्र |
| ८. | नरेशकुमार लावती | बलिरहेको बिजुलीको चिम | उज्यालो नेपाल पार्टी |
| ९. | निशा डाँगी | घण्टी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १०. | मानबहादुर साँवा (लिम्बू) | दापसहितको खुकुरी | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |
| ११. | रमा मेचे | ढल्केको छापा | जनता समाजवादी पार्टी, नेपाल |
| १२. | रामचन्द्र उप्रेती | सूर्य | नेपाल कम्युनिस्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) |
| १३. | सन्तोष तामाङ्ग | कुखुराको भाले | मंगोल नेशनल अर्गनाइजेसन |
| १४. | हिरण्यप्रसाद भट्टराई | मादल | नेपाल मजदुर किसान पार्टी |
| १५. | हेमराज कार्की | हलो | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### झापा निर्वाचन क्षेत्र नं. २

| क्र.सं. | उम्मेदवारको पूरा नाम/थर | निर्वाचन चिन्ह | राजनीतिक दलको नाम/स्वतन्त्र |
|---|---|---|---|
| १. | अकल बहादुर तामाङ्ग | कुखुराको भाले | मंगोल नेशनल अर्गनाइजेसन |
| २. | अमृता लावती | दापसहितको खुकुरी | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |
| ३. | अर्जुन कुमार पाण्डे | गोलो घेराभित्र दुई पात भएको गुलाफको फूल | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) |
| ४. | इन्दिरा राना मगर | घण्टी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ५. | केशव कुमार भण्डारी | अँजुलीमा रहेको माटो | श्रम संस्कृति पार्टी |
| ६. | चन्द्र कुमारी गारु | मादल | नेपाल मजदुर किसान पार्टी |
| ७. | चुडा कर्ण बेघा | बलिरहेको बिजुलीको चिम | उज्यालो नेपाल पार्टी |
| ८. | तिल बहादुर राई | चकिया (जाँतो) | जनता समाजवादी पार्टी |
| ९. | देवराज घिमिरे | सूर्य | नेपाल कम्युनिस्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) |
| १०. | धर्माशिला चापागाँई | पाँचकुने तारा | नेपाली कम्युनिस्ट पार्टी |
| ११. | पुण्यप्रसाद आचार्य | सारङ्गी | स्वतन्त्र |
| १२. | भद्रप्रसाद नेपाल | हलो | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १३. | मानबहादुर पुलामी मगर | घर | नेपाल जनमुक्ति पार्टी |
| १४. | युवराज संग्रौला | पंखा | स्वतन्त्र |
| १५. | रमेशकुमार कार्की | भँगेरा | स्वतन्त्र |
| १६ | रमेशकुमार राजवंशी | लाउड स्पिकर | जनमत पार्टी |
| १७ | श्रीप्रसाद सिटौला | हँसिया | नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) |
| १८ | सरिता प्रसाई | रुख | नेपाली कांग्रेस |


### झापा नि

| क्र.सं. | उम्मेदवारको पूरा नाम/थर |
|---|---|
| १. | अभय राजवंशी |
| २. | कर्णलाल राजवंशी |
| ३. | चन्द्रकला सावा |
| ४. | जयेन मगर |
| ५. | डिल्लीराम घिमिरे |
| ६. | दिपक तिम्सिना |
| ७. | धर्म लक्ष्मी दुवाल (लघु) |
| ८. | प्रकाश पाठक |
| ९. | मानप्रकाश संग्रौला |
| १०. | यामकुमार श्रेष्ठ |
| ११. | राजेन्द्रकुमार घिमिरे |
| १२. | राजेन्द्रप्रसाद लिङ्देन |
| १३. | विनिताकुमारी राजवंशी |
| १४. | श्यामकृष्ण पाठक |
| १५. | सन्तोष कटुवाल |
| १६ | हरसलाल राजवंशी |
| १७ | हरिबहादुर राजवंशी |

# पद मोह



भीम निरौला



**प्रवेश :** जीवनमा धेरै कुरा गर्नुहुने र गर्नु नहुने छन् । गर्नु नहुनेमा मुख्य दुई कुरा कोट्याउँछु । कसैको अनुपस्थितिमा कुरा काट्नु नहुने र आफ्ना अगाडि प्रशंसा सुन्नु नहुने । तर, यसैमा मजा आउँछ । अँ त, हो नि, भन्दै अर्कालाई पखाल्न जति मजा आउँछ उति नै मजा तपाईं त होनोहार, सर्वगुण सम्पन्न भनि दिए भने नाक थाम्न चोके लगाउनुपर्ने हुन्छ ।

अर्काको नराम्रो पक्ष उजागर गर्दा आफ्नो राम्रो पक्ष उसँग जान्छ भने उसको नराम्रो पक्ष आफूसँग आउँछ । किनकि पखाल्यौ नि । 'तपाई न सपाइ आफैं मपाई' भन्ने आहान झैं म यस्तो, उस्तो, यो गरैं, उ गरे भन्दा आफू तल झरिन्छ भन्ने हेक्का हराउँछ । सुन्ने र भन्ने दुबै माइनस भएको यो तथ्य आजको यस परिवेशमा अझ मौलाउँदै गएको देखिन्छ ।

**संघ–संस्था :** वर्तमान परिवेशमा समाजमा नगन्य संघ-संस्था च्याउ उम्रिए झैं खोलिएका छन् । खोल्नु ठूलो कुरा होइन, सबल परिचालन ठूलो कुरा हो । जन्मदिन जति सजिलो छ, पाल्न ताल्न र सक्षम बनाउन अझ गाह्रो छ भन्ने तथ्य मनन गर्नुपर्ने देखिन्छ ।

नेतृत्व गरेरै संघ-संस्था चल्छन् । यो ध्रुवसत्य यथार्थ हो । यद्यपि खोलेर एक-दुई पदावधि नेतृत्व गरेपछि अर्कालाई जिम्मा दिन पटक्कै मन उठ्दैन । भरसक एक पदावधि अध्यक्ष भई सञ्चालन गरेपछि अर्को उत्तरधिकारीलाई जिम्मा लगाउन पाए अर्कोले पनि काम सिक्ने थिए, सिकाउनुपर्छ । तर, अझै दुई-तीन पटक अगाडि सर्दा चाहिँ यसभित्र केही मिठास छ भन्ने शङ्का उब्जिँदोरहेछ । केलाई भन्दा देख्नेलाई लाज भने झैं ।

मठ-मन्दिर, देवालय, विद्यालय, पालिका आदिमा हाम्रा परिवेशका अग्रजलाई हामीले छानेर नेतृत्व गर्न पठाउँछौं । विश्व जगतको यो स्वभाविक प्रक्रिया हो । तर, एक पदावधि नेतृत्व गरेपछि पूर्व अध्यक्ष त भइगइयो । दुई-तीन पदावधि नेतृत्व गर्दा पनि आखिरी पूर्व नै हो, त्यो भन्दा माथि हुँदैन । महापूर्व भनेको सुनेको छैन । त्यसैले आफ्नो कार्यकालमा अर्को हकवाला (प्रतिनिधि) बनाएर जिम्मा दिने गरौं कि !

यो पंक्तिकार सकारात्मक र निवृत्त कर्मचारी हो । त्यसैले हाम्रो देशमा ६० वर्ष माथिकालाई सेवानिवृत्त बनाइन्छ । ७० वर्ष पुगेपछि समाजका सबैलाई वृद्ध भत्ता पाउने प्रक्रिया छ । यो उमेरको सिमारेखा हो । ६०/७० वर्षका हामीले नेतृत्व गर्नु छैन । हामी पछिका हाम्रा सन्ततिलाई पद मात्र होइन, व्यवहार हस्तान्तरण गर्नुपर्छ । यसरी उमेरको हद लागेकालाई संघ-संस्थाले सल्लाहकार, संरक्षक भनेर मान राख्ने अर्को आदरणीय पद दिए भैगोनी । संस्था चलाउन सल्लाहकारको पनि अहम भूमिका हुन्छ ।

**आसन र भाषणको मोह :**

कुनै पनि सार्वजनिक संघ-संस्थाहरूमा आसन र भाषण अरु मौलाउँदै गएको देखिन्छ । हो, सभालाई सभाध्यक्ष आवश्यक छ । संस्था प्रमुख सभाध्यक्ष बसौं । अब प्रमुख अतिथि भनेर हाम्रै जनप्रतिनिधि, छर-छिमेकी र प्रतिष्ठित भन्दै ड्यासमा निम्त्याइन्छ । स्रोताभन्दा पाहुना बढी भइसक्दा पनि समय खर्चिएर विभेद बढाएको देखियो ।

निर्मूल भनेको चाहिँ होइन, तर यो क्रम घटाउन पाए समय बच्ने थियो, विभेद बढ्ने थिएन । सृर्जनात्मक काम गर्न सकिन्थ्यो । ड्यासमा बसेकालाई खादा पनि त्यति सुहाएन । बरु एक थुङ्गा फूल दिएर सम्मान गर्दा पुग्थ्यो होला । माथि बस्ने र तल स्रोताको भूमिका निर्वाह गर्नेमा स्रोताको भूमिका निर्वाह गर्नेमा स्रोताको अहम् भूमिका हुन्छ । त्यसैले सम्पूर्ण उपस्थितलाई एकमुष्ट आसन ग्रहण भन्ने सभामा र सभाको रौनकताका बीच समाप्त भनेको सभामा कहिले पुगिएला !

भाषण पनि प्रसङ्ग मिलाएर छोटो, मिठो, हँसिलो, रोचक र ज्ञानवर्धक बनाउँदै लानुपर्ने अवस्था छ । लामो बोल्यो अनि मेरा दुई शब्द कठै । स्रोता छट्पटाएपछि मेरा कुरा बिकेन भन्ने सोच राखौ कि । मनभरि व्यवहारिक बोझ सम्झँदै तपाईंले बोलेको सुनेर ताली पिट्न बाध्य नपार्दा उत्तम हुन्थ्यो । दिग्दार लागेर स्रोता हिँडेपछि बन्दसत्र भन्दै लेखेको निर्णय कतिको प्रभावकारी होला ? भावी सन्ततिले यो कुरा पचाएर व्यवहारमा लागू गर्लान् ?

**एउटा भोगेको प्रसङ्ग :**

योगी नरहरिनाथलाई कोटीहोममा हामी यस झापा क्षेत्रकै प्रमुख व्यक्ति, संघ-संस्थाले अभिनन्दनको कार्यक्रम जोड्यौं । योगीजीलाई सम्मान गरिसकेर उहाँको मन्तव्यले मन छोयो । उहाँ 'म अर्को जन्ममा यस धराधाममा जन्मनु नपरोस् भन्दै थिए, तर आज तपाईंहरुले मलाई यसै लोकमा आउने बनाउनुभयो' भन्दै ठूला आँखाबाट आँशु झार्नु भयो । साधु त त्यस्तो पो हुन्छ । हामी हेरेको हेरै भयौं ।

सम्मान त कर्म अनुसार भगवानले दिने हो । हामी-हामीबीच सम्मान बाँडेर आत्मसन्तुष्टि दिलाउनु मात्र हो । अनि मान-सम्मान मिठो बोली-बचनले अर्कालाई गर्ने हो । आफैले लिनु-दिनु अलिक व्यवहारिक देखिँदैन । कृपया सभा-समारोहरुमा कम आसन र भाषण राखेर अमूल्य समयको सदुपयोग गर्दै सिर्जनात्मक काममा अघि बढौं । हार्दिक कामना ।

सर्बे भवन्तु सुखिन, सर्वे सन्तु निरामया,
सर्बे भद्राणि पश्यन्तु, माकश्चित दुःख भाग भवेत् ।

# जिल्लास्तरीय तेक्वान्दो च्याम्पियनसीपमा झापा मेरीगोल्ड प्रथम

**अर्जुनधारा, पुस ११।** विद्यालय तहमा तेक्वान्दो खेलको प्रवर्द्धन एवम् खेलाडी उत्पादन गर्ने उद्देश्यले आयोजित प्रथम रुपरत्न खुला पुरुष तथा महिला अन्तर विद्यालय जिल्लास्तरिय तेक्वान्दो च्याम्पियनसीप-२०८२ को उपाधि झापा मेरीगोल्डले जितेको छ ।

अर्जुनधारा नगरपालिका-७ स्थित रुपरत्न मेमोरियल बोर्डिङ स्कूलको आयोजनामा सम्पन्न भएको च्याम्पियनसीपमा पाँच स्वर्ण, चार रजत र पाँच कास्य गरी जम्मा १४ वटा पदकसहित झापा मेरीगोल्डले उपाधि जितेको हो ।

त्यसैगरी चार स्वर्ण, दुई रजत र दुई कास्य गरी जम्मा आठवटा पदकसहित डेल्टा(बोस्टन) फस्ट रनर अप र चार




स्वर्ण, एक रजत र एक कास्य गरी जम्मा छ वटा पदकसहित आयोजक रुपरत्न सेकेण्ड रनर अप भएका छन् ।

त्यस्तै प्रतियोगिताको उत्कृष्ट पुरुष र महिला खेलाडी आयोजक रुपरत्नका क्रमशः रञ्जन बस्नेत र स्वर्णीम भट्टराई भएका छन् । प्रतियोगिताका प्रथम, फस्ट रनर अप, सेकेण्ड रनर अप र उत्कृष्ट खेलाडीहरुलाई विद्यालयका संस्थापक प्रभुकुमार श्रेष्ठ, संयोजक नम्रता गिरी, राष्ट्रिय खेलकुद परिषद्का तेक्वान्दो प्रशिक्षक हरि भूजेल लगायतले ट्रफी, प्रमाण पत्र र नगद पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगिता अर्न्तगत पुरुषतर्फ ३२ केजी, ३६ केजी, ४० केजी, ४४ केजी, ४८ केजी, ५२ केजी र ५६ केजी तथा महिलातर्फ ३२ केजी, ३६ केजी, ४० केजी, ४४ केजी, ४८ केजी र ५२ केजी तौल समूहमा खेलाडीहरुले प्रतिस्पर्धा गरेका थिए । त्यसैगरी पुम्सेतर्फ आठवटा विधामा खेल भएको थियो । प्रतियोगितामा २० वटा विद्यालयका दुई सय जनाभन्दा बढी विद्यार्थीको सहभागिता रहेको कार्यक्रम संयोजक सविक श्रेष्ठले जानकारी दिए ।

विद्यालयका संस्थापक श्रेष्ठको अध्यक्षतामा आयोजित प्रतियोगिताको उद्घाटन निजी तथा आवासीय विद्यालय संगठन( प्याब्सन) झापाका अध्यक्ष छत्रबहादुर कार्कीले उद्घाटन गरेका थिए । शिक्षक जीवन लिम्बूले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक रुद्र लामिछानेले गरेका थिए ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय सामान्य रहेको छ, काम सफलता हुँदा मन खुशप रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** आजबाट तपाईको मन शान्त र हलुका रहने छ, स्वास्थ्यमा समस्या देखापर्न सक्छ, घुमघाममा खानपानको विशेष ध्यान दिनुपर्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप उर्जा मिल्नेछ, स्वास्थ्यले साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय मिश्रित छ, आफन्तबाट खुशीको समाचार आउनेछ, समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, अवसरको समय आएको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्ने छ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नाले मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** उत्तरार्द्ध पछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** बोलिमा विचार पुऱ्याउनुहोला, बोली-व्यवहारले विशेष काम बन्न सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसीलो भएर जाने योग रहेको छ ।

मिति २०८२/१०/११ आइतबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३०,१९००।-
चाँदी
प्रति तोला
रु. ६२०५।-

